नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
**सार्वजनिक खरिद अनुगमन कार्यालय**
रेडक्रसमार्ग, ताहाचल, काठमाडौं

फोन नं. - ०१-४२८५४४२
फ्याक्स नं.-०१-४०३०५७३
Email - monitoring.ppmo@gmail.com

त्र सं.- ०७७/७८
.नं.- १५२

मितिः २०७७।०५।२३

विषयः सार्वजनिक खरिद गर्दा स्वदेशी उत्पादनलाई प्राथमिकता दिने ।

**श्री सार्वजनिक निकाय सबै,**

नेपाल टेलिकमको च.नं.PA २२ मिति २०७७।०५।०५ को पत्रबाट स्वदेशी उद्योगीहरुलाई प्राथमिकता दिने सम्बन्धमा सुझाव तथा निर्देशनको लागि लेखि आएको हुँदा देहाय बमोजिम सबै सार्वजनिक निकायहरुलाई निर्देशन जारी गरिएको छ ।

नेपालमा उत्पादित मालसामान खरिद गर्नुपर्ने सम्बन्धमा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ मा स्पष्ट व्यवस्था गरिएको छ । नियमावलीको नियम १७ मा "सार्वजनिक निकायले यस नियमावलीमा उल्लिखत कुनै विधि छनौट गरी खरिद गर्दा विदेशी मालसामान भन्दा नेपालमा उत्पादित मालसामान पन्ध्र प्रतिशतसम्म महङ्गो भएतापनि नेपाली मालसामान नै खरिद गर्नुपर्नेछ" भन्ने व्यवस्था रहेको छ । नियम ३१च को उपनियम (१) मा "अन्तराष्ट्रियस्तरको बोलपत्रमा एकल रुपमा वा स्वदेशी फर्म, संस्था वा कम्पनीसँग संयुक्त उपक्रम गरी सहभागी हुने स्वदेशी फर्म, संस्था वा कम्पनीलाई प्राथमिकता (Domestic Prefrrences) दिनुपर्ने" र उपनियम (२) मा उपनियम (१) मा "प्राथमिकता दिंदा सबैभन्दा कम कबुल गर्ने विदेशी फर्म, संस्था वा कम्पनीले कबुल गरेको बोल अङ्क रकमको पाँच प्रतिशतसम्म बढी बोल अङ्क भएको स्वदेशी फर्म, संस्था वा कम्पनीको प्रस्ताव गर्न सकिनेछ" भन्ने व्यवस्था रहेको छ । साथै, सार्वजनिक खरिद अनुगमन कार्यालयबाट जारी गरिएको मालसामान खरिद सम्बन्धी नमूना बोलपत्र कागजातको बोलपत्रदातालाई निर्देशनको बुँदा नं.३४ (ITB Clause 34) मा समेत यस सम्बन्धी व्यवस्था रहेको व्यहोरा अवगतै छ ।

सार्वजनिक निकायहरुले बोलपत्र आव्हान लगायतका खरिद प्रकृयाको अवलम्वन गर्दा गुणस्तरमा कुनै सम्झौता नहुने गरी स्वदेशी उत्पादनहरुलाई प्रतिस्पर्धाबाट वञ्चित गर्ने कुनै पनि शर्तजन्य बन्देज नलगाउनु हुन अनुरोध छ । गुणस्तर नियन्त्रणका लागि शर्त राख्न आवश्यक भएमा प्रचलित नेपाल कानूनले दिएको सुविधा वा प्रोत्साहनको प्रतिकूल नहुने, प्रतिस्पर्धा संकुचन नहुने र बजार विश्लेषण गरिएको सुनिश्चित गरेर मात्र शर्तहरु तय गर्नुहुन समेत अनुरोध छ ।

२०७७/०५/२३

(तारा ज्ञवाली)
शाखा अधिकृत

**बोधार्थः**

श्री संघीय संसद, प्रतिनिधी सभा, विकास तथा प्रविधि समिति ।
श्री संघीय संसद, प्रतिनिधी सभा, उद्योग तथा बाणिज्य र श्रम तथा उपभोक्ता हित समिति ।
श्री नेपाल सरकार, मुख्य सचिवज्यूको सचिवालय ।
श्री नेपाल सरकार, संचार तथा सूचना प्रविधी मन्त्रालय, सिंहदरवार ।
श्री नेपाल टेलिकम, केन्द्रिय कार्यालय, काठमाडौं ।